इमेल : mosdkailali07@gmail.com
५२६०५८ (स्वास्थ्य)
५२५२२० (उच्च शिक्षा)
५२७१६८ (जिन्सी)
एक्सटेन्सन नं. ५२५००९
एक्सटेन्सन नं. ५२७१०६
धनगढी, कैलाली

सुदूरपश्चिम प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

प. सं.:२०७९/८०

मितिः २०७९/०५/३१

## प्रेस विज्ञप्ति

हाल नेपालमा देखा परेको डेंगी रोगको प्रकोपका सम्बन्धमा यस मन्त्रालयको गम्भिर ध्यानाकर्षण भएको छ । डेंगीको बढ्दो संक्रमणलाई न्यूनीकरण गर्न प्रदेश मन्त्रालय र मातहतका निकाय, स्थानीय तह लगायत स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँगको समन्वय तथा सहकार्यमा लामखुट्टेको लार्भा "खोज र नष्ट गर" अभियानलाई तिब्रता दिईएको छ। साथै रोगको बारेमा विभिन्न संचारका माध्यमहरुमा सन्देशमुलक सूचना प्रकाशन र प्रसारण गर्दै आईरहेको छ। सोको नियन्त्रण गर्न प्रतिकार्य योजना बनाई विभिन्न गतिविधिहरु संचालन गरिरहेको छ । साथै डेंगी रोकथाम तथा नियन्त्रण गर्न जनशक्ति परिचालन गर्दै मातहतका अस्पतालहरुमा उपचारको उचित व्यवस्था समेत मिलाईएको छ ।

हाल वर्षात् सक्रिय रहेकोले हाम्रो वरपर रहेका खाल्डाखुल्डीहरुमा सबै पानीले भरिभराउ छन् यस्तो अवस्थामा लामखुट्टेलाई फुल पार्ने र लार्भा हुर्किने सम्भावना बढी भएकोले डेंगीबाट बच्न घर, विद्यालय वा सार्वजनिक क्षेत्र वरपर पानी जम्न नदिने, खाल्डाखुल्डी पुर्ने, खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने गर्नुपर्दछ । त्यस्तै, गमलाको प्लेट, फुलदानी, कुलर आदिमा पानी बदलिरहनुपर्छ । डेंगी रोगबाट बच्ने सबैभन्दा उत्तम उपाय लामखुट्टेको टोकाईबाट जोगिनु नै हो तसर्थ घर बाहिर निस्कदा शरीर पुरा ढाक्ने लुगा लगाएर मात्र निस्किने, सुत्दा झुलको प्रयोग गर्ने, घरका झ्याल ढोका तथा ढोकामा जाली हाली लामखुट्टे नछिर्न सक्ने बनाउने । साथै डेंगी रोगको लक्षण देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा जाँच गराउन तथा परामर्श लिन हुन मन्त्रालय सबैमा हार्दिक अनुरोध गर्दछ ।

२०७९।५।३१

गणेश बहादुर सिंह
सूचना अधिकारी